अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

| खण्ड ७ | संख्या ८ | मिति: २०८०।१२।०४ |
|---|---|---|

## भाग-१
## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## जनकपुरधाम, धनुषा
## मधेश प्रदेश, नेपाल

# "तथ्यांक (डाटा) व्यवस्थापन ऐन, २०८०"

**प्रस्तावनाः**

जनकपुरधाम उपमहानगरपालिकामा उत्पादन तथा संकलन भएका डाटालाई उचित रुपमा व्यवस्थापन गर्न, डाटा व्यवस्थापनका लागि एकिकृत डाटा व्यवस्थापन प्रणालीको व्यवस्था गरी त्यस्तो एकीकृत डाटा व्यवस्थापन प्रणालीको सहज र सरल सञ्चालनका लागि आवश्यक व्यवस्था गर्न, संविधान प्रदत्त गोपनियताको हक तथा तथ्यांकको संरक्षणका लागि कार्यविधिगत व्यवस्था गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का दफा १०२ को उपदफा (२) बमोजिम उपमहानगरपालिकाको ११औं नगरसभाबाट " तथ्यांक (डाटा) व्यवस्थापन ऐन, २०८०" गरी जनकपुरधाम उपमहानगरपालिकाको कार्यक्षेत्रभर लागू गरिएको छ।

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, प्रारम्भ र कार्य क्षेत्र**

क) यस ऐनको नाम “तथ्यांक (डाटा) व्यवस्थापन ऐन, २०८०” रहेको छ।

ख) यो ऐन नगरसभा बैठकबाट पारित भई राजपत्रमा प्रकाशित भएको मिति देखि प्रारम्भ हुनेछ।

ग) यो ऐन यस पालिकाभर लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “पालिका” भन्नाले जनकपुरधाम उपमहानगरपालिकालाई सम्झनु पर्छ।

(ख) “प्रमुख” भन्नाले पालिकाको कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ग) “उपप्रमुख” भन्नाले पालिकाको कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(घ) “सूचना” भन्नाले पालिकाबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(च) “डाटाबेस” वा “कम्प्युटर डाटाबेस” भन्नाले कम्प्युटर वा कम्प्युटर प्रणालीमा प्रयोग गर्ने उद्‌देश्यले अङ्क, अक्षर, छवि वा श्रब्यदृश्यमा औपचारिक तवरले तयार गरिएको सांख्यिकीय विवरण, तथ्याङ्क, सूचना, नक्सा, ज्ञान तथा अवधारणालाई सम्झनुपर्छ।

(छ) “कम्प्युटर नेटवर्क” भन्नाले एक अर्का सँग अन्तर आबद्ध वा संचार सम्पर्कमा रहेका दुई वा दुई भन्दा बढी कम्प्युटरहरूको अन्तर सम्बद्धतालाई सम्झनुपर्छ।

(ज) “डाटा” भन्नाले कुनै प्राकृतिक तथा कानूनी व्यक्तिसँग सम्बन्धित आर्थिक, सामाजिक, भौतिक, वातावरणीय, भुस्थानिक (Geospatial) जानकारी तथा तथ्याङ्क लगायतका विवरण, चित्र, श्रव्यदृष्य, लगत र सूचना सम्झनुपर्छ र सो शव्दले त्यस्ता विवरण, लगत र सूचना व्यवस्थित संकलन, प्रस्तुतीकरण वा विश्लेषण गरी तयार पारिएको संख्यात्मक प्रस्तुतीलाई समेत जनाउँछ ।

(झ) “डाटा संकलन” भन्नाले पालिकाले निश्चित उद्‌देश्य सहित सर्वेक्षण वा अन्य कुनै डाटा संकलनका माध्यम प्रयोग गरी क्षेत्रगत तथा बिषयगत रूपमा डाटा जम्मा गर्ने, एकिकृत गर्ने वा अध्यावधिक गर्ने कार्यलाइ सम्झिनु पर्छ । डाटा संकलन शब्दले पालिकाले सेवा प्रवाहको तथा नियमित कार्य सञ्चालनको प्रक्रियामा संकलन गरिएको तथा प्रशोधन गरी तथ्य, तथ्याङ्क, जानकारी तथा सूचना तयार गर्ने कार्य समेतलाइ जनाउँछ ।

(ञ) “तथ्याङ्क अधिकृत” भन्नाले पालिकाको तथ्याङ्क अधिकृतलाई सम्झनुपर्छ।

(ट) "विद्युतीय अभिलेख" भन्नाले विद्युतीय स्वरुपको कुनै माध्यमबाट सिर्जना गरी सम्प्रेषण गरिएका, प्राप्त गरिएका वा जम्मा गरिएका तथ्याङ्क, अभिलेख, छवि वा श्रब्यदृश्यलाई सम्झनुपर्छ।

(ठ) "विषयगत शाखा" भन्नाले पालिका अन्तर्गतको विषयगत महाशाखा, वडा कार्यालय वा इकाईलाई सम्झनुपर्छ। यस शब्दले संविधान बमोजिम पालिकालाई तोकिएको कार्य सम्पादन गर्नका लागि नगर/गाँउ कार्यपालिका अन्तर्गत रहने शिक्षा, स्वास्थ्य, कृषि, वन, पशु विकास जस्ता विशेष क्षेत्रगत कार्यालय वा इकाईलाई समेत सम्झनु पर्छ।

(ड) "राष्ट्रिय तथ्याङ्क प्रणाली" भन्नाले नेपाल सरकारद्वारा स्थापना गरिएको राष्ट्रिय तथ्याङ्क प्रणालीलाई सम्झनुपर्छ ।

(ढ) "एकीकृत डाटा व्यवस्थापन प्रणाली" (Integrated Data Management System- IDMS) भन्नाले पालिकाले स्थापना गरेको एकीकृत डाटा व्यवस्थापन प्रणालीलाई सम्झनुपर्छ।

(ण) "समिति" भन्नाले यस ऐन बमोजिम गठन भएको तथ्याङ्क व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(त) "तोकिए वा तोकिए बमोजिम हुनेछ" भन्नाले सङ्घिय, प्रादेशिक वा यस पालिकाले बनाएको कुनै ऐन नियममा पहिल्यै तोकिएको वा यस ऐनको कार्यान्वयनका लागि ऐन अन्तर्गत जारी गरिएका नियम वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

(थ) "ओपन डाटा" भन्नाले स्वतन्त्र रुपमा कसैले पनि प्रयोग, पूनर्प्रयोग, वितरण तथा पूनर्वितरण गर्न सकिने खुला स्वरुपमा राखिएको डाटालाई सम्झनु पर्दछ।

(द) "सूचनाको हक" भन्नाले सूचनाको हक सम्बन्धि कानूनले सुनिश्चित गरेको सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्दछ।

ध) Digital Metric Addressing System for Palika (DMAPs) (पालिका डिजिटल मेट्रिक ठेगाना प्रणाली) भन्नाले पालिकाले तयार गरेको मेट्रिक सिस्टममा आधारित डिजिटल ठेगाना प्रणालीलाई जनाउँछ।

**३. ऐनको उद्देश्य**

(क) पालिकाको आर्थिक, सामाजिक, भौतिक तथा अन्य क्षेत्र एवं विषय संग सम्बन्धित विभिन्न डाटाहरू संकलन गरी संकिलत डाटालाइ पालिकाको विकास प्रयोजनको लागि आधार तयार गरी प्रमाणमा आधारित नीति तथा योजना निर्माण प्रणाली विकास गर्ने,

(ख) पालिकाले विभिन्न माध्यम बाट संकलन गर्ने डाटा संकलन, त्यसको भण्डारण तथा प्रशोधन, वितरण लाइ व्यवस्थित गर्ने,

(ग) पालिका अन्तगर्तका विभाग वा इकाइहरू अन्तर्गत स्थापना तथा संचालन गरिने डाटाबेस व्यवस्थापन संयन्त्र तथा प्रकृया लाई सुधार गर्ने,

(घ) पालिकाको दैनिक कार्य व्यवहार तथा निर्णय प्रकृयामा डाटा तथा तथ्यांकको व्यवस्थित उपयोग सुनिश्चित गर्न, पालिकाका विभिन्न शाखा तथा ईकाइका विच एक आपसमा सहज रूपमा डाटा, तथ्याङ्क तथा सूचना आदान प्रदान गर्ने तथा पालिकाले अन्य निकाय तथा सर्वसाधारणालाई व्यवस्थित रुपमा डाटा, तथ्याङ्क तथा सूचना उपलब्ध गराउन एकीकृत डाटा व्यवस्थापन प्रणालीको उपयोग गर्ने।

(ङ) अन्य प्रणालीसंगको अन्तर आवद्दता लगायतका विभिन्न विशेषता सहितको एकीकृत डाटा व्यवस्थापन प्रणााली स्थापना तथा विकास गर्ने र सो प्रणालीको सहज र सरल सञ्चालन विधि तय गर्ने ।

## परिच्छेद २
## डाटा तथा तथ्यांक संकलन तथा व्यवस्थापन

### ४. डाटा तथा तथ्यांक संकलन सम्बन्धी व्यवस्था

पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ तथा अन्य प्रचलित कानुन अनुसार देहायको डाटा तथा तथ्याङ्क संकलन गर्नेछः

(क) व्यक्तिगत घटना (जन्म, मृत्यु, विबाह, बसाइ-सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र/धर्मपुत्री) सम्वन्धी तथ्याङ्क

(ख) आधारभूत तथा माध्यामिक शिक्षासँग सम्वन्धित तथ्याङ्क

(ग) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक लगायत भौतिक पूर्वाधार सम्वन्धी तथ्याङ्क

(घ) स्थानीय बजार¸ व्यापार तथा व्यवसाय सम्वन्धी तथ्याङ्क

(ङ) स्थानीय वातावरण संरक्षण तथा जैविक विविधता सम्वन्धी तथ्याङ्क

(च) प्राकृतिक, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, मन्दिर, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला आदी सम्बन्धी तथ्याङ्क

(छ) कृषि तथा पशुपक्षी सम्बन्धी तथ्याङ्क

(ज) कूल ग्राहस्थ उत्पादन सम्बन्धी तथ्याङ्क

(झ) राजश्व तथा आय व्यय लगायत आर्थिक सम्बन्धी तथ्याङ्क

(ञ) प्रतिव्यक्ति आय सम्बन्धी तथ्याङ्क

(ट) मानव विकास तथा लैंगिक सशक्तिकरण सूचक सम्बन्धी विवरण

(ठ) सामाजिक सुरक्षा भत्ता सम्बन्धी तथ्याङ्क

(ड) ज्येष्ठ नागरिक सम्बन्धी तथ्याङ्क

(ढ) अपांगता भएका व्यक्ति र शारिरीकरूपमा अशक्त व्यक्तिहरूको तथ्याङ्क

(ण) द्वन्द्व पीडित सम्बन्धी तथ्याङ्क

(त) सडक बालबालिका सम्बन्धी तथ्याङ्क

(थ) भूमिहिन वा आवास विहिन व्यक्ति र परिवार सम्बन्धी तथ्याङ्क

(द) रोजगारीको अवस्था सम्बन्धी तथ्याङ्क

(ध) विदेशी श्रमिक सम्बन्धी तथ्याङ्क

(न) स्वास्थ्य सम्बन्धी तथ्याङ्क

(प) स्थानिय निजि तथा सार्वजनिक घर, भवन, बाटो, निकास सम्बन्धी तथ्याङ्क

(फ) तोकिए बमोजिमका अन्य तथ्याङ्क

**५. डाटा तथा तथ्यांक संकलनको प्रयोजन:** पालिकाले संकलन गरेको डाटा देहायका प्रयोजनको लागि प्रयोग गर्न सकिनेछः

(क) पालिकाको नीति, कार्यक्रम तथा योजनाको तर्जुमा,

(ख) पालिकाको भौतिक पूर्वाधार तथा अन्य विकास निर्माण सम्बन्धी योजना छनोट तथा प्रगति समिक्षा,

(ग) पालिकाले प्रदान गर्ने सामाजिक सुविधा तथा अन्य सुविधाको निर्धारण,

(घ) पालिकाको ठेगाना प्रणाली विकास तथा कार्यान्वयन गर्न ।

(ङ) पालिकाको आर्थिक, सामाजिक, वातावरणीय विषयसंग सम्बन्धित पालिकाले तोकेका अन्य प्रयोजन ।

**६. डाटा संकलनको लागि समन्वय तथा अनुमति लिनुपर्नेः**

(क) संघीय तथा प्रदेश सरकार तथा मातहतका निकायले यस पालिका भित्र कुनै डाटा वा विवरण संकलन गर्नुपरेमा पालिकासंग समन्वय गर्नुपर्नेछ ।

(ख) संघीय तथा प्रदेश सरकार तथा मातहतका निकाय बाहेक अन्य कसैले पनि पालिका भित्र कुनै डाटा संकलन गर्नु परेमा पालिकाको अनुमति लिनु पर्नेछ ।

(ग) पालिकाले डाटा संकलन गर्दा विभिन्न सरकारी तथा सार्वजनिक निकाय, नागरिक संघ संस्था तथा निजी क्षेत्रसंग सहकार्य गरी समन्वयात्मक तवरले संकलन गर्नेछ ।

**७. डाटा संकलन प्रक्रिया**

(१) पालिकाले डाटा संकलन गर्दा देहायको मध्ये कुनै एक वा सबै प्रक्रिया अवलम्बन गर्न सक्नेछः

(क) सर्वेक्षण,

(ख) गणना,

(ग) कुनै तहको सरकारी निकाय, सार्वजनिक संघ संस्था वा निकायमा रहेको विवरण एवं डाटा प्राप्ती,

(घ) पालिकाका सेवाग्राहीले उपलव्ध गराएको विवरणको प्राप्ती,

(ङ) अन्य सरोकारवाला व्यक्ति वा निकायबाट डाटा वा विवरणको प्राप्ती,

(२) पालिकाले कुनै व्यक्ति, घरपरिवार, संस्था वा सरकारी निकायसंग सम्बन्धित डाटा संकलन गर्नेछ ।

(३) पालिकाले कुनै व्यक्ति, घरपरिवार, संस्था वा सरकारी निकायलाई आफुसंग भएको डाटा उपलव्ध गराउन आग्रह गर्न सक्नेछ ।

(४) पालिकाले डाटा संकलन गर्नु पूर्व प्रयोजन अनुसार आवश्यक पर्ने डाटाको किसिम र गुणस्तरलाई परिभाषित गर्नुपर्नेछ।

(५) पालिकाले डाटा संकलन गरेपश्यात् संकलित डाटाको गुणस्तर तथा विश्वससनीयता जाँच गर्नु पर्नेछ।

**८. डाटाको वर्गिकरण**

(१) दफा (३) बमोजिम संकलन गरिएको डाटा तथा तथ्याङ्कलाई पालिकाले प्रचलित कानून बमोजिम सार्वजनिक डाटा र वैयक्तिक डाटामा वर्गीकरण गरी व्यक्तिगतरूपमा पहिचान नखुल्ने गरी सामूहिक तथ्याङ्कका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम पालिकाले सामूहिक तथ्याङ्कका रूपमा उत्पादन तथा प्रशोधन गरी व्यवस्थापन गर्दा देहाय बमोजिम खण्डिकृत तथ्याङ्क उपलव्ध हुने गरी भण्डारण तथा व्यवस्थापन गर्ने छः

(क) उमेर वा उमेर समुह
(ख) अपांगता वा शारीरिक स्थिति
(ग) जात जाति
(घ) भौगोलिक स्थिति
(ङ) आय वा सम्पत्ति
(च) लैंगिक पहिचान
(छ) शैक्षिक अवस्था
(ज) रोजगारीको अवस्था
(झ) नागरिकता (वंशज (बाबुको नामबाट, आमाको नामबाट), अंगिकृत, नागरिकताविहिन)
(ञ) वसोवास (स्थायी/अस्थायी)
(ज) अन्य

**९. डाटाको प्रशोधन तथा भण्डारण**

(१) पालिकाले संकलन गरेको डाटाको वर्गिकरण बमोजिम संकलित डाटालाई पालिकाले स्थापना गरेको डाटावेशमा प्रविष्टि गरिनेछ ।

(२) संकलित डाटाको प्रविष्टिसंगै आवश्यकता अनुसार प्रशोधन गरिनेछ र प्रशोधन गर्दा गणना सर्वेक्षण तथा गणनाका परिभाषित विधि, प्रक्रिया र स्वचालित तथा स्वीकार्य नवीनतम प्रणालीको अवलम्बन गरिनेछ।

(३) डाटा भण्डारण गर्दा निश्चित मानक र तरिका अवलम्बन गरी सहजै प्रसारण गर्न सकिने गरी पालिकाले तोके बमोजिमको अवधीसम्म नष्ट नहुनेगरी भण्डारण गर्नुपर्नेछ।

(४) डाटा भण्डारण गर्दा डाटा संकलनको उद्देश्य प्राप्त भएपछि व्यक्तिगत पहिचान खुल्ने विवरणहरु हटाई भण्डारण गर्नुपर्नेछ।

(५) डाटा भण्डारण गर्दा संवेदनशील डाटाको गोपनीयता कायम राख्नका लागि पालिकाले डाटा इन्क्रिपसनको विधि अपनाउने छ।

**१०. डाटा व्यवस्थापन प्रणालीः**

(१) पालिकामा उत्पादन, संकलन तथा भण्डारण भएका डाटालाई उचित रुपमा व्यवस्थापन गर्न तथा पालिकाले प्रमाणमा आधारित निति तथा बजेट निर्माण गर्ने उद्देश्यले आवश्यकता अनुसार विभिन्न किसिमका डाटा व्यवस्थापन प्रणालीको विकास तथा कार्यान्वयन गर्ने छ।

(२) उप दफा (१) बमोजिमको डाटा व्यवस्थापन प्रणाली विकास गराउदा अन्तरक्रियात्मक दृश्य एवम् ड्यासबोर्ड लगायतका विस्तृत सुविधाहरू सहितको परिच्छेद -४ अनुसारको एकृकित डाटा व्यवस्थापन प्रणालीको समेत विकास गर्ने छ।

**११. घटना रिपोर्टिङः**

(१) एकीकृत डाटा व्यवस्थापन प्रणालीमा कुनै किसिमको त्रुटी भएमा, समस्या देखिएमा, प्रणालीको कार्य प्रकृयामा रोकावट आएमा वा केही कारणवश डाटा चोरी भएमा वा डाटासँग सम्बन्धित वा अन्य कुनै तथ्यांक उल्लङ्घन भएमा अबिलम्ब सूचना प्रविधि अधिकृतलाई जानकारी गराउनु पर्नेछ।

(२) सूचना प्रविधि अधिकृतले घटना बारे सूचना पाउना साथ डाटाको सुरक्षाका लागि आवश्यक प्रबन्ध मिलाउने छ।

(३) सूचना प्रविधि अधिकृतले उपदफा (१) मा उल्लेख भए अनुसारको कुनै घटना भएमा घटना भएको ७ दिन भित्र त्यसको प्राविधिक प्रतिवेदन तयार गरी डाटा व्यवस्थापन समिति समक्ष पेश गर्नेछ।

(४) एकीकृत डाटा व्यवस्थापन प्रणालीमा भएको कुनै घटनाले नागरिकलाई प्रत्यक्ष रुपमा असर पार्छ भने नागरिकलाई सो घटनाको बारेमा सूचित गराउनु पर्नेछ।

## परिच्छेद ३
## डाटा व्यवस्थापन संरचना

**१२. तथ्यांक समिति :**

(१) यस ऐनअन्तर्गत तथ्याङ्क व्यवस्थापन तथा एकीकृत तथ्याङ्क प्रणालीको विकासको जिम्मेवारी रहने गरी देहाय बमोजिमको एक तथ्यांक समिति रहनेछ।

अनुसूची (२९दफा ४ तथा अनुसूची (१)को भाग१ सँग सम्बन्धित)

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | संयोजक |
| (ख) नगरपालिकाको उपप्रमुख | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) प्रमुखले तोकेको एक जना वडा सदस्य | सदस्य |
| (घ) नगरपालिकाले तोकेको विषय विज्ञ | सदस्य |
| (ङ) तथ्याङ्क अधिकृत/सूचनमा अधिकृत | सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा कुनै निकाय वा विषयसँग सम्बन्धित पदाधिकारी, व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ।

**१३. समितिको काम, कर्तव्य र अधिकार:**

दफा १२ बमोजिमको तथ्यांक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विषयगत शाखाहरुलाई आफ्नो कार्यसंग सम्बन्धित कार्य, डाटा तथा तथ्यांक अध्यावधिक राख्न निर्देशन दिने ।

(ख) एकीकृत डाटा व्यवस्थापन प्रणालीको मर्मत, अध्यावधिक (update) एवं उपयोगका लागि आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि नगरसभालाई बजेट निर्धारण सुझाव दिने।

(ग) सान्दर्भिक नीतिहरुमा परिमार्जन भएका प्रावधानहरु तथ्यांक (डाटा) व्यवस्थापन ऐनले निर्धारण गरे भए नभएको भन्ने बारेमा समिक्षा गरी कार्यपालिकामार्फत नगरसभा समक्ष प्रतिवेदन पेश गर्ने।

(घ) सुचनाको हक सम्बन्धी ऐनले निर्धारण गरेको सुचनाहरु एकीकृत डाटा व्यवस्थापन प्रणालीमा प्रकाशन गर्ने व्यवस्था मिलाउने तथा त्यस्ता सुचना प्रकाशन भए नभएको अनुगमन समेत गर्ने ।

(ङ) एकीकृत डाटा व्यवस्थापन प्रणालीमा उपलब्ध तंथ्याकको अधिकतम प्रयोग गरि पालिकाको विकास गर्न विभिन्न सरोकारवालाहरुसग समन्वय तथा सहकार्यमा तालिम, गोष्ठि, ज्ञान साझेदारी र कार्यशालाहरूको आयोजना गर्ने ।

**१४) तथ्याङ्क समितिको बैठक:**

(१) समितिको बैठक हरेक तीन महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) संयोजकको निर्धारण गरेअनुसार सदस्यसचिवले बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयसूची सहितको सूचना बैठक बस्नुभन्दा कम्तीमा ३ दिन अगावै सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

(३) समितिका कुल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(५) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत समेत दिनेछ।

(६) समितिको बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गरिने छ।

(७) समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विषयविज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद ४
## एकीकृत डाटा व्यवस्थापन प्रणाली

**१५. एकीकृत डाटा व्यवस्थापन प्रणालीको स्थापनाः**

(१) पालिकाले प्रवाह गर्ने सेवा, संकलन गर्ने तथ्याकं, घटना विवरण लगायतका पालिकाको समग्र तथ्याकंको भण्डारण, वितरण तथा अभिलेखको लागि डिजिटल एकीकृत डाटा प्रणालीको स्थापना गर्न सक्नेछ।

(२) एकीकृत डाटा व्यवस्थापन प्रणालीमा पालिकामा संचालित अन्य डाटा व्यवस्थापन प्रणालीसँग अन्तरआवद्ध गर्ने वा त्यस्ता डाटा व्यवस्थापन प्रणालीबाट सिर्जना वा प्रशोधन गरिएका डाटालाई नियमित रुपमा प्रकाशन गर्ने व्यवस्था गर्न सक्नेछ।

(३) एकीकृत डाटा प्रणालीलाई संघीय तथा प्रदेश सरकार वा निकायले स्थापना गरेको डाटा प्रणालीसंग आवश्यकता अनुसार अन्तरआवद्धता हुने व्यवस्था गर्न सक्नेछ।

**१६. एकीकृत डाटा व्यवस्थापन प्रणालीको लागि आवश्यक पूर्वाधारको व्यवस्था**

(१) एकीकृत तथ्याकं प्रणालीको लागि आवश्यक पर्ने कम्प्युटर लगायत हार्डवेयर तथा सफ्टवेयरको व्यवस्था पालिकाले गर्नेछ । संघ वा प्रदेशले स्थापना गरेको तथ्याकं प्रणालीलाई समेत पालिकाले एकीकृत डाटा प्रणालीकोरुपमा प्रयोग गर्न सक्नेछ ।

(२) पालिकाले एकीकृत डाटा व्यवस्थापन प्रणालीको वार्षिक अडिट गर्नेछ। सो अडिटको प्रतिवेदन बमोजिम णालीमा केही अपडेट वा प्रणालीको मर्मतसम्भार गर्नु पर्ने भएमा पालिकाले सो को व्यवस्था मिलाउने छ।

**१७. डाटा व्यवस्थापन प्रणालीको संचालन संरचना (ड्यासबोर्ड, फ्रण्ट इण्ड, ब्याक इण्ड)**

एकीकृत डाटा व्यवस्थापन प्रणालीको संचालनको लागि आवश्यकता अनुसार ड्यासबोर्ड, डाटा सर्भर, डाटा भण्डारण प्रणाली, फ्रण्ट इण्ड तथा ब्याकइण्डको व्यवस्था गरिनेछ ।

**१८. जिम्मेवारी र दायित्व**

(१) पालिकाले तोकेको व्यक्तिलाई मात्र एकीकृत डाटा व्यवस्थापन प्रणालीमा पहुँच हुनेछ र अधिकार प्राप्त व्यक्तिबा हेक अन्य व्यक्तिले प्रणाली अन्तर्गत कुनै डाटा वा विवरण प्रविष्टि गर्न, प्रकाशन वा प्रसारण गर्न वा वितरण गर्न सक्ने छैन ।

(२) एकीकृत डाटा व्यवस्थापन प्रणालीको संचालनको लागि पालिकाको प्रमुख प्रशासकिय अधिकृत सुपर एडमिन (Super Admin) का रुपमा रहनेछ। सुपर एडमिनलाइ प्रणाली संचालनका लागि एकीकृत डाटा व्यवस्थापन प्रणालीमा आवश्यक संख्यामा एडमिन सिर्जना गर्ने प्राधिकार रहनेछ। सुपर एडमिनलाई आवश्यकता अनुसार डाटा संपुष्टि (Data Verification) तथा डाटा नष्ट (Data Erasure) को अधिकार रहनेछ।

(३) एकीकृत डाटा व्यवस्थापन प्रणालीको संचालनको लागि पालिकाको सूचना प्रविधि अधिकृत प्रणाली एडमिन (system Admin) का रुपमा रहनेछ । सिस्टम एडिमनलाई डाटा वा विवरण प्रविष्टि गर्ने, प्रकाशन वा प्रसारण गर्ने वा वितरण गर्ने अधिकार रहनेछ।

(२) पालिकाले संचालन गरेको एकीकृत डाटा प्रणालीलाई संघ तथा प्रदेश तथा मातहतका निकायले संचालन गरेका अन्य प्रणालीसंग आवद्ध गराई डाटाको आदान प्रदान गर्न मिल्ने गरी अन्तरआवद्धता हुनसक्ने व्यवस्था मिलाईनेछ ।

(३) पालिकाले स्थापना गरेको प्रणाली तथा सो अन्तर्गतका डाटाको सुरक्षा जिम्मेवारी पालिकाको हुनेछ, र सो को लागि आवश्यक व्यवस्था पालिकाले मिलाउनेछ ।

## परिच्छेद ५
## डाटाको गोपनीयता, प्रयोग, वितरण तथा प्रकाशन

**१९. डाटाको आधिकारिकताको प्रमाणिकरण:**

१) एकीकृत डाटा व्यवस्थापन प्रणालीमा समावेश गर्नु पूर्व सबै डाटाको प्रमाणिकता सुनिश्चित गर्नका लागि प्रमाणिकरण प्रक्रिया पूरा गर्नु पर्नेछ।

२) पालिकाले संकलित डाटाहरुको स्रोतहरुको विश्वासनीयता जाँच गर्ने उपायहरु लागू गर्नेछ।

**२०. डाटाको गोपनीयता कायम राख्नुपर्ने:**

१) एकीकृत डाटा व्यवस्थापन प्रणाली (Integrated Data Management System-IDMS) अन्तर्गत भण्डारण गरिएका संवेदनशील जानकारीको सुरक्षा वैयक्तिक गोपनियता ऐन, २०७५ तथा वैयक्तिक गोपनियता सम्बन्धि नियमावली, २०७७ बमोजिम हुनेछ ।

२) सम्भावित गोपनीयता उल्लङ्घनहरु पहिचान र न्यूनीकरणका लागि नियमित रुपमा परीक्षण र मूल्याङ्कन गरिने छ।

३) कुनै पनि संदिग्ध कार्य वा गोपनीयताको उल्लङ्घन भएमा तत्काल अनुसन्धान गर्ने गरी एक रिपोर्टिङ प्रणाली (Incident Reporting System) सञ्चालन गरिनेछ।

**२१. डाटाको प्रयोग**

१) पालिकाले सबै विभागहरुमा डाटा-संचालित निर्णय प्रक्रियालाई प्राथमिकता दिन प्रोत्साहन गर्नेछ।

२) पालिकाले प्रभावकारिता र सान्दर्भिकता सुनिश्चित गर्न अवस्थित नीतिहरुको अद्यावधिकरण एवं नयाँ नीतिहरु निर्माण तथा भविष्यका प्रयोजनाहरु सम्बन्धी निर्णय गर्दा एकीकृत डाटा व्यवस्थापन प्रणालीमा रहेका डाटालाई आधार मानि प्रयोग गर्नेछ।

३) खुल्ला डाटा नीतिलाई अगाल्दै पालिकाले गैर-संवेदनशील (non-sensitive) डाटालाई अनलाइन प्लेटफर्महरु मार्फत जनताका लागि पहुँचयोग्य बनाउनेछ।

४) पालिकाले निजी एवं व्यवसायिक क्षेत्रमा पनि एकीकृत डाटा व्यवस्थापन प्रणालीमा संकलित डाटाको प्रयोग वृद्धि गर्नका लागि आवश्यकता अनुरुप कार्यक्रमहरु आयोजना गर्नेछ।

५) पालिकाले सामाजिक र आर्थिक विकासका लागि डाटा प्रयोग गर्ने नवीन तरिकाहरु खोज्न शैक्षिक संस्थाहरु र अनुसन्धान निकायहरुसँग सहकार्य गर्न सक्नेछ।

६) डाटा उपयोगको प्रभावकारिताका लागि पालिकाले सरोकारवालाहरुबाट सुझाव सङ्कलन गर्ने तथा प्रतिक्रिया लिने संयन्त्र स्थापना गरिनेछ। प्राप्त सुझाव तथा प्रतिक्रियाको आधारमा डाटा प्रयोग सम्बन्धी नीतिहरुको नियमित समीक्षा र सुधार गरिनेछ।

**२२. डाटा वितरण प्रणालीको व्यवस्था**

१) **एकद्वार वितरण प्रणाली**

क) IDMS ले सूचनाको प्रसारलाई व्यवस्थित गर्न एकद्वार वितरण प्रणाली कायम गर्नेछ।

ख) एकद्वार वितरण प्रणालीको निरीक्षण गर्न, सुसंगत र नियन्त्रित डाटा वितरण सुनिश्चित गर्न जिम्मेवार कर्मचारी नियुक्त गर्नेछ।

ग) पालिकाले तोकेको व्यक्ति वा इकाई वा निकायको अनुमति लिएर मात्र डाटाको प्रकाशन, प्रसारण तथा वितरण गर्न सकिनेछ ।

घ) एकद्वार प्रणालीबाट सूचना प्रसार गर्दा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम गर्नेछ।

२) **अन्य व्यक्ति, निकाय वा संस्थालाई डाटा उपलव्ध गराउने सम्बन्धी व्यवस्थाः**

(क) पालिकासंग रहेको डाटाको अभिलेख राखी संघ, प्रदेश तथा अन्य सरकारी निकायले मागेको वखत आवश्यकता अनुसार उपलव्ध गराउन सकिनेछ ।

(ख) गैर सरकारी संस्था वा अन्य निकाय एवं व्यक्तिलाई डाटा उपलव्ध गराउने सम्बन्धमा डाटा व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ ।

**२३. डाटाको प्रकाशन**

१) पालिकाले नियमित रुपमा एकिकृत डाटा व्यवस्थापन प्रणालीबाट डाटा प्रकाशन गर्नेछ ।

२) पालिकाको तथ्यांक व्यवस्थापन शाखाले पालिकाले एकीकृत डाटा व्यवस्थापन प्रणालीमा रहेका डाटाहरु प्रशोधन गरी आवश्यकता र महत्वअनुसार पालिकाको वेवसाइटमा राख्नेछ ।

३) पालिकाले एकिकृत डाटा व्यवस्थापन प्रणाली लगायतका कुनै पनि डाटा प्रकाशन गर्दा डाटा सुरक्षा, गोपनीयता र प्रतिलिपि अधिकार सम्बन्धी कानूनी र नियामक मापदण्डहरुको अनुरुप भए नभएको सुनिश्चित गर्नुपर्छ।

## परिच्छेद ७
## विविध

**२४. अनुगमन तथा मूल्यांकन**:

(१) पालिकाले डाटा व्यवस्थापन प्रणालीको नियमित अनुगमन, मुल्यांकन तथा अध्यावधिकीकरण गर्नेछ । अनुगमन तथा मुल्यांकन कार्य डाटा व्यवस्थापन समितिको मार्ग निर्देशनमा पालिकाको सूचना प्रविधि शाखाले गर्नेछ ।

**२५. समस्या समाधान र नियमित मर्मत सम्भार:**

पालिकाले डाटा व्यवस्थापन प्रणालीमा देखिएका समस्याको समाधान र नियमित मर्मत सम्भारका लागि आवश्यक व्यवस्था गर्नेछ।

**२६. डाटा साक्षरता तथा क्षमता अभिवृद्धि**

**(१)** पालिकाले नागरिक तहमा डाटा साक्षरता बढाउन, खण्डीकृत डाटा तथा तथ्याङ्क संकलनमा प्रोत्साहन गर्न, एकीकृत डाटा व्यवस्थापन प्रणालीमा रहेको डाटाको प्रयोग र महत्व बुझाउन नागरिक डाटा साक्षरता कार्यक्रम संचालन गर्ने छ ।

(२) पालिकाले एकीकृत डाटा व्यवस्थापन प्रणाली संचालनमा काम गर्ने पालिकाको कर्मचारीको क्षमता अभिवृद्दिको कार्यक्रम संचालन गर्ने छ।

(३) पालिकाले डाटा तथा तथ्याङ्क संकलन, भण्डारण उपयोग र एकीकृत डाटा व्यवस्थापन प्रणाली संचालनमा पालिकालाइ सहयोग पुग्ने गरी आवश्यक अध्ययन, अनुसन्धान गर्ने र छलफलका लागि उचित बजेटको व्यवस्था तथा कार्यक्रमहरू तय गर्ने छ ।

**२७. परामर्श लिन सक्ने**

समितिले यस ऐन बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ, व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ।

**२८. सहकार्य गर्ने सक्नेः**

डाटा तथा तथ्याङ्क संकलन गर्ने वा एकीकृत डाटा व्यवस्थापन प्रणाली संचालन गर्ने, डाटा साक्षरता कार्यक्रम संचालन गर्न पालिकाले नागरिक समाज तथा निजी क्षेत्रसँग सहकार्य गर्ने छ ।

**२९. अभिलेख राख्नेः**

(१) समितिले यस ऐन अनुरुपको कार्य गर्दा सोको अभिलेख राख्नु पर्ने छ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य- सचिवको जिम्मामा रहनेछ।

(३) उपदफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ती वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ।

**३०. निर्देशन दिन सक्नेः**

नगरसभाले समिति र प्रणालीको काम कार्वाहीको सम्बन्धमा नगर कार्यपालिका तथा तथ्याकं व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**३१. संशोधन गर्ने सक्नेः**

यस ऐनमा संशोधन गर्नुपर्ने भएमा नगरसभाले आवश्यक संशोधन गर्न सक्नेछ।

**३२. कार्यविधि बनाउन सक्ने:**

यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

**३३. खारेजी र बचाउ:**

यो ऐन नेपालको संविधान, संघिय कानून वा मधेस प्रदेश कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

**प्रमाणिकरण मिति:-२०८०।१२।०४**
**प्रकाशित मितिः-२०८१।०१।२६**

**आज्ञाले**

**टेकराज पन्थी**
**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिका बाट प्रकाशित मुल्य रु.१०।– दश रुपैया**